स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## इलाम

पत्र संख्या: ०७९/८०

चलानी नः ९६०८

१ नं.प्रदेश,नेपाल

मितिः २०७९/०९/०१

विषयः प्रस्ताव पेश गर्ने ।

श्री सबै सामुदायिक माध्यमिक विद्यालयहरु,
इलाम नगरपालिका, इलाम ।

प्रस्तुत विषयमा चालु आर्थिक वर्षको शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि मिति २०७९/०८/२३ गतेको कार्यपालिकाको बैठकको निर्णयबाट पारित नमुना विद्यालय प्रवर्द्धन कार्यविधि, २०७९ अनुसार नमुना विद्यालय प्रवर्द्धनका लागि माध्यमिक विद्यालयहरुबाट **मिति २०७९/०९/१५** गते भित्र आवश्यक कागजातहरु सहित प्रस्ताव तयार पारी पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ । नमुना प्रस्तावको ढाँचा यसै सूचना साथ संलग्न गरिएको छ ।

प्रेमकुमार गौतम
उप सचिव(अधिकृत दशौं)

**बोधार्थः**

श्री नगर प्रमुख ज्यू, नगर प्रमखु ज्यूको सचिवालय, इलाम नगरपालिका, इलाम ।
श्री सबै वडा कार्यालयहरु, इलाम नगरपालिका, इलाम ।
श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन ।

## अनुसूची १

दफा ६(क) र ७ (ख) सँग सम्बन्धित

कार्यक्रम प्रस्तावको ढाँचा

मितिः

श्री अध्यक्ष ज्यू,
नमुना विद्यालय प्रवर्द्धन समिति,
इलाम नगरपालिका, इलाम।

विषयः नमुना विद्यालय प्रवर्द्धन कार्यक्रम सम्बन्धमा।

प्रस्तुत विषयमा ताहाँ नगरपालिकाको आ.व. .............. को वार्षिक शैक्षिक कार्यक्रम अनुसार नमुना विद्यालय प्रवर्द्धन कार्यक्रमका लागि निम्न शर्त र पूर्वाधार सहित अनुदान प्राप्तिका लागि निम्नानुसारको विवरण राखी यो आवेदन पेश गरेको व्यहोरा अनुरोध छ।

### १. विद्यालयको विवरण

नामः

ठेगानाः

प्रधानाध्यापकको नामः मोवाइल नं.

### २. विद्यार्थी सङ्ख्या

| कक्षा | छात्रा | छात्र | जम्मा |
|---|---|---|---|
| पूर्वप्राथमिक | | | |
| एक | | | |
| दुई | | | |
| तीन | | | |
| चार | | | |
| पाँच | | | |
| छ | | | |
| सात | | | |
| आठ | | | |
| नौ | | | |
| दश | | | |
| एघार | | | |
| बाह | | | |
| जम्मा | | | |

**३. शिक्षक दरबन्दी**

| तह | स्वीकृत दरबन्दी | राहत | निजी | जम्मा |
|---|---|---|---|---|
| पूर्व प्राथमिक | | | | |
| प्राथमिक | | | | |
| निम्न माध्यमिक | | | | |
| माध्यमिक | | | | |
| उच्च माध्यमिक | | | | |
| जम्मा | | | | |

**४. विषयगत शिक्षक/कर्मचारी विवरण**

| शिक्षक/कर्मचारीको नाम | योग्यता | तह | विषय | प्रकार(स्थायी/अस्थायी/राहत/निजी) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

**५. विद्यालयको भौतिक अवस्था**

क. विद्यालयको भवन सङ्ख्याः पक्की भवनः जम्मा कोठाः कच्ची भवनः जम्मा कोठाः

ख. फर्निचर व्यवस्थापनको अवस्थाः

ग. बालविकास कक्षाका लागि सिकाइ सामग्रीको व्यवस्थाः

घ. खेलमैदानको विवरणः लम्बाइ र चौडाइ

ङ. विद्यालयमा घेराबारा भएको वा नभएकोः

च. खानेपानीको अवस्था र धारा सङ्ख्याः

छ. शिक्षण सामग्रीको अवस्थाः पर्याप्त/सामान्य/न्यून

ज. शौचालय विवरणः संख्याः छात्राः छात्रः पर्याप्त पानीको व्यवस्थाः

झ. पुस्तकालयः

ञ. विद्युत तथा सौर्य उर्जाः

ट. इन्टरनेटको पहुँचः

ठ. विज्ञान प्रयोगशालको अवस्थाः

ड. कम्प्युटर ल्याबको अवस्थाः चालु कम्प्युटरको सङ्ख्याः

**६. नतिजा विवरण/शैक्षिक उपलब्धी: विगत ३ शैक्षिक वर्षको (उत्तीर्ण प्रतिशत)**

| शैक्षिक वर्ष | कक्षा ५ | कक्षा ८ | कक्षा १० | कक्षा १२ |
|---|---|---|---|---|
| २०७६ | | | | |
| २०७७ | | | | |
| २०७८ | | | | |

**७. नमुना विद्यालयका लागि आवश्यक न्यूनतम पूर्वाधार (विद्यालयले प्रतिबद्धता गर्नुपर्ने)**

क. शैक्षिक तथा भौतिक पूर्वाधार
ख. योग्यता पुगेको तालिम प्राप्त शिक्षकहरुबाट पठनपाठन
ग. शिक्षणमा शिक्षण सामग्री र सूचना प्रविधिको प्रयोग
घ. समावेशी सिद्धान्त अनुकूल प्रभावकारी सिकाइ सञ्चालन
ङ. विद्यालयमा नवीनतम शैक्षणिक प्रविधिको प्रयोग
च. पुस्तकालय र विज्ञान प्रयोगशालाको अवस्था र उपयोग
छ. खेलकुद र सहकार्यकलाप सञ्चालनको अवस्था
ज. बालमैत्री तथा सिकाइमैत्री वातावरण
झ. विद्यार्थीको स्तर अनुसारका फर्निचरको व्यवस्था
ञ. खेल्ने मैदान र बगैचा
ट. शिक्षक विद्यार्थी आचार संहिताको कार्यान्वयन
ठ. विद्यालय, अभिभावक र व्यवस्थापन समिति बीचको अन्तर्क्रिया
ड. सिकाइमैत्री तथा बालमैत्री वातावरण निर्माण गर्ने कार्ययोजना
ढ. विद्यालयमा शिक्षण सामग्री निर्माण र प्रयोग तथा भण्डारण
ण. शिक्षकहरुसँग कार्यसम्पादन करार

**नमुना विद्यालय छनौटका आधारहरुः (आवश्यक कागजातहरु पेश गर्ने)**

(क) नियमानुसार अनुमति वा स्वीकृति प्राप्त सामुदायिक माध्यमिक विद्यालय हुनु पर्नेछ ।

(ख) विद्यालय सेवाक्षेत्रको भौगोलिक बनावट, जनघनत्व, सामाजिक संरचना अनुसार प्रति कक्षा उपयुक्त विद्यार्थी संख्या हुनु पर्नेछ ।

(ग) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ र बाल क्लब गठन भई क्रियाशिल भएको हुनु पर्नेछ ।

(घ) विद्यालय सुधार योजना निर्माण, सामाजिक परीक्षण, लेखा परीक्षण तोकिएको समयमा नै सम्पन्न गरेको हुनु पर्नेछ ।

(ङ) विद्यालयको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS) तोकिएको समयमा नै अद्यावधिक गरेको हुनु पर्नेछ ।

(च) विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, शिक्षक स्टाफ र सम्बन्धित वडा नमुना विद्यालय विकासका लागि प्रतिबद्ध भएको हुनु पर्नेछ ।

(ज) वार्षिक कार्यतालिका, दैनिक कार्यतालिका, वार्षिक शैक्षणिक योजना निर्माण भई कार्यान्वयनमा रहेको हुनु पर्नेछ ।

(झ) वार्षिक रुपमा कम्तीमा २ पटक अभिभावक भेला गराई विद्यालयको गतिविधि जानकारी गराएको हुनु पर्नेछ ।

(ञ) विद्यालयको वार्षिक वजेट तयार गरी विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत भएको हुनु पर्नेछ ।

(ट) तहगत र विषयगत रुपमा पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको व्यवस्था भएको हुनु पर्नेछ ।

(ठ) विद्यालयमा विद्युत र इन्टरनेटको व्यवस्थापन भएको हुनु पर्नेछ ।

(ड) विद्यालयको जिन्सी खाताको व्यवस्थापन र अद्यावधिक भएको हुनु पर्नेछ ।

(ढ) शिक्षक, कर्मचारी र विद्यार्थी आचार संहिताको निर्माण र कार्यान्वयन भएको हुनु पर्नेछ ।

(ण) छात्र र छात्राका लागि अलग अलग शौचालयको व्यवस्था भएको हुनु पर्नेछ ।

(त) विद्यालयमा उपलब्ध पुस्तकालय, इन्टरनेट तथा विज्ञान/कम्प्युटर प्रयोगशालाको उचित प्रयोग भएको हुनु पर्नेछ।

(थ) कक्षागत रुपमा अलग अलग कक्षाकोठाको व्यवस्थापन भएको हुनु पर्नेछ ।

(द) प्रार्थना समयमा कम्तीमा सबै बालबालिकाहरु एकै साथ उभिन सक्ने खेल मैदान भएको हुनु पर्नेछ ।